*Janabhawana Research Journal*
*Vol. 4, Issue No. 1, July 2025, Page: 90-101*
*ISSN: 2505-0621*

# इरफान अली कथामा शक्तिसम्बन्ध

*नरेन्द्रप्रसाद कोइराला, पि.एच.डी.*[1]

## सार

*प्रस्तुत अध्ययन 'इरफान अली' कथामा रहेका पात्रहरूको बिचमा विद्यमान वर्गीय शक्तिसम्बन्धमा आधारित छ । शक्तिसम्बन्ध सांस्कृतिक अध्ययनअन्तरगतको विशिष्ट प्रकारको विश्लेषण पद्धति हो । पाठमा पात्रहरूको के कस्तो उपस्थिति रहेको छ र तिनको जीवनमा शक्तिको प्रयोगले के कस्तो प्रभाव पारेको छ भन्ने कुराको अध्ययन शक्तिसम्बन्धमा गरिन्छ । पाठमा प्रयोग भएका पात्रहरूका बिचमा देखिने वर्गीय सम्बन्ध, वर्गीय चेतना, वर्गीय हित अनि वर्गीय विभेद, दमन र शोषणको अध्ययनबाट वर्गीय शक्तिसम्बन्धको निष्कर्षमा पुग्न सकिन्छ । प्रस्तुत लेखमा नारायण ढकालद्वारा लिखित 'इरफान अली' कथामा प्रभुत्वशाली केन्द्रीय संस्कृतिको शासक वर्गले जीवनका अन्य सबै क्षेत्रलगायत न्यायिक क्षेत्रमा समेत आफ्नो एकलौटी वर्चस्व कायम गरी परिधिमा रहेको शासित वर्गमाथि सधैँ दमन र शोषण गरेर ज्यानै लिनेसम्मको अमानवीय कार्य गर्छ भन्ने निष्कर्ष निकालिएको छ । यस लेखमा वर्गीय सम्बन्धको विश्लेषण गर्दा शत्रुतापूर्ण अवस्था पाइएको छ भने वर्गीय चेतनाको विश्लेषण गर्दा शासक वर्गमा स्पष्ट भए पनि शासित वर्गमा उदय नै हुन नसकेको देखिन्छ । शासित वर्गमा वर्गीय चेतना नभएकै कारण उक्त वर्गको हित हुन सकेको छैन । त्यसैले शासित वर्ग दमन शोषणमा परी कारुणिक मृत्युसम्म सहन विवश भएको देखिन्छ । यी विविध पक्षहरूको अध्ययन तथा विश्लेषणका लागि मुख्य रूपमा ग्राम्सी र फुको अनि सहायक रूपमा अन्य लेखकहरूका विचारको सहयोग लिइएको छ । यस प्रकारको अत्यन्त कारुणिक परिणतिको कारण तत्कालीन पञ्चायती व्यवस्थाका सापेक्षतामा निर्मित र विकसित विमर्शात्मक संरचनाका कारण भएको असन्तुलित शक्तिसम्बन्ध हो भन्ने अन्तिम निष्कर्ष प्रस्तुत गरिएको छ ।*

*शब्दकुञ्जी* : प्रभुत्व, वर्चस्व, वर्गीय चेतना, वर्गीय हित, विमर्शात्मक संरचना, शक्तिसम्बन्ध

**Article information**

*Received: 25-06-2025 Reviewed: 27-06-2025 Revised: 04-07-2025 Accepted: 07-07-2025*
** Corresponding Author's Email: koiralanarendraprasad@gmail.com*
*Cite this article as:*

Koirala, K. N. (2025). Irfan Ali kathma saktisambandha. *Janabhawana Research Journal, 4*(1), 90-101. https://doi.org/10.3126/jrj.v4i1.82425

*This work is licensed under the Creative Commons CCBY-NC License*
*https://creativecommons.org/licenses/by-nc/4.0/*

[1] Lecturer, Department of Nepali and Mass Communication, Janamaitri Multiple Campus, Kuleshwor

## विषय परिचय

नारायण ढकाल (२०१०) आधुनिक नेपाली कथाका क्षेत्रमा प्रगतिवादी धाराका स्थापित कथाकार हुन् । उनले नेपाली समाजमा भएका सामाजिक वर्गहरूका बिचको शक्तिसम्बन्धलाई आफ्ना कथाको विषय बनाएर यथार्थपरक र मार्मिक प्रस्तुतिहरू दिएका छन् । उनका सहरयन्त्र (२०५०) र इरफान अली (२०५१), बहिर्गमन (२०६०), आत्महन्ता (२०६१) र नारायण ढकालका कथा (२०७२) कथासङ्ग्रहहरू प्रकाशित छन् । 'इरफान अली' कथा पहिला इरफान अली सङ्ग्रहमा र पछि नारायण ढकालका कथाहरू कथासङ्ग्रहमा समावेश गरिएको छ । कथाकार ढकालले यस कथामा नेपालको पञ्चायती शासनकालमा जेलभित्र रहेका बन्दीहरू र शासक वर्गको बिचको शक्तिसम्बन्धलाई प्रमुख विषय बनाएर यथार्थपरक अभिव्यक्ति दिएका छन् । त्यसकारण यो कथा नेपाली कथाका पाठकहरूबिच लोकप्रिय हुनुका साथै पाठ्यक्रमभित्र समेत समेटिन सफल भएको छ । नारायण ढकालका कथाहरूमा आधारित भएर विभिन्न तहका अनुसन्धान कार्य र समालोचनाहरू भएका छन् । शक्तिसम्बन्ध सांस्कृतिक अध्ययनको एउटा पद्धति हो । यो सन्तुलित र असन्तुलित हुन्छ । सन्तुलित शक्तिसम्बन्धले सामाजिक उत्थानमा सहयोग पुऱ्याउँछ भने असन्तुलित शक्तिसम्बन्धले गरिबी, अन्याय, अशिक्षा, हत्या आदि नकारात्मक पक्षलाई मलजल पुऱ्याउँछ । समाज, संस्कृति तथा विमर्शात्मक संरचनाका माध्यमबाट शक्तिसम्बन्धको वास्तविक स्वरूप झल्किन पुग्छ । पञ्चायती शासन र व्यवस्थाको संरक्षकका रूपमा निर्मित तथा विकसित र स्थापित गरिएको विमर्शात्मक संरचनाका माध्यमबाट अभिव्यक्त घटना वा विचारहरूको गठजोडबाट यस कथाको शक्तिसम्बन्ध अभिव्यक्त भएको छ । आजभन्दा लगभग चालिस वर्षअगाडि सिर्जना गरिएको यस कथाको पञ्चाय कालीन विमर्शात्मक संरचनाभन्दा आजको संघीय लोकतान्त्रिक गणतन्त्रात्म विमर्शात्म संरचनामा आधारभूत तहमै परिवर्तनहरू आएका छन् । यसो हुँदाहुँदै पनि यस कथामा व्यक्त भएको तत्कालीन ऐतिहासिक यथार्थभित्र रहेको शक्तिसम्बन्धको विश्लेषण आज पनि महत्वपूर्ण नै रहेको छ । त्यसकारण यस अध्ययनमा शक्तिसम्बन्धको सिद्धान्तका आधारमा 'इरफान अली' कथाको समाजमा देखिने विषम प्रकारको शक्तिसम्बधको विश्लेषण गरिएको छ । यस क्रममा विश्लेषित कथाबाट प्राप्त भएका तथ्यहरूको विश्लेषणका लागि मूल रूपमा ग्राम्सी र फुकोका दृष्टिकोणभित्र रहेका प्रभुत्व, ज्ञान र शक्तिका सिद्धान्तहरू अनि सहायक रूपमा अन्य लेखकहरूका दृष्टिकोणको सहयोग लिइएको छ ।

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य 'इरफान अली' कथाभित्र देखिने शासक र शासित वर्गका बिचको शक्तिसम्बन्धको विश्लेषण गरी निष्कर्षमा पुग्नु रहेको छ । यस क्रममा 'इरफान अली' कथाका विपरीत वर्गीय पात्रहरूका बिचको वर्गीय सम्बन्ध, उनीहरूमा रहेको वर्गीय चेतना अनि वर्गविभेद, दमन र शोषणको विश्लेषण गरिएको छ । यिनै तीनओटा प्रमुख प्रश्नहरूको समाधान खोजी 'इरफान अली' कथाभित्र रहेका शासक र शासित वर्गका बिचको शक्तिसम्बन्धको विश्लेषण गरी निष्कर्षसम्म पुग्नु नै यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ ।

## कथा विश्लेषणको सैद्धान्तिक आधार

शक्तिसम्बन्ध साहित्यिक कृतिको अध्ययन, विश्लेषण गर्ने सांस्कृतिक अध्ययनभित्रको एउटा विशेष प्रकारको पद्धति हो । यस पद्धतिअन्तरगत समाजमा रहेका खास खास वर्ग वा समुदायका बिचमा रहेको वर्गीय सम्बन्ध, वर्गीय चेतना, वर्गीय हित तथा वर्गीय विभेद, दमन र शोषणको विश्लेषण गरिन्छ । वर्गीय सम्बन्ध मित्रतापूर्ण र शत्रुतापूर्ण हुन्छ । यसले आपसी सम्बन्धलाई सहज र असहज अवस्थामा पुऱ्याउँछ । यसमा सामजिक वर्गहरूका बिचको अन्तरसम्बन्धको सूक्ष्म अध्ययन तथा विश्लेषण गरिन्छ । समाजमा मानिसहरू लिङ्ग, जात, धर्म, आर्थिक अवस्था, पेसा, शिक्षा, शासक, शासित आदि विभिन्न सामाजिक वर्गमा विभाजित भएर रहेका हुन्छन् । त्यसकारण यी वर्गहरू आआफ्नो वर्गीय स्वार्थका कारण एकआपसमा एकता, अन्तरसंघर्ष र रूपान्तरणको चक्रमा निरन्तर क्रियाशील रहेका हुन्छन् । "साहित्यमा वर्गीय शक्तिसम्बन्धको अध्ययन गर्दा समाजमा उच्चवर्गद्वारा निम्नवर्ग के, कुन, कति, कसरी र कस्तो अवस्थामा सधैँ शोषित, दमित, निमुखो र उत्पीडित बनाइन्छ भन्ने कुराको विश्लेषण गरिन्छ" ( कोइराला,२०८१, पृ.६४) । साहित्य समाजको प्रतिबिम्बकै रूपमा उत्पादित हुने हुनाले सामाजिक वर्गहरूका बिचको घातप्रतिघातले साहित्यिक सिर्जना ढाकिन पुग्छ । वर्गहरू मानिसका त्यस्ता समूह हुन्, जसमा सामाजिक अर्थतन्त्रको निश्चित व्यवस्थामा तिनले ओगटेका फरक फरक स्थानले गर्दा एउटाले अर्कोको श्रमको अपहरण गर्न सक्छ (लेनिन, सन्.१९८५, पृ.४४१) । लेनिनका विचारमा भिन्न वा विपरीत स्वार्थ भएका वर्गहरू सौर्यमण्डलमा भएका ग्रहहरू सधैँ तनाव र नियन्त्रणमा रहेका हुन्छन् । त्यसमा पनि प्राय उच्च वा शासक वर्गको दमनको पदचापभित्र निम्न वा शासित वर्गले समस्याग्रस्त जीवन भोगिरहेको हुन्छ । सामन्तवादी र पुँजीवादी राज्य/समाजमा उत्पीडक वर्ग/पुँजीपति/उच्चवर्ग/सामन्त वर्गको अधिनायकत्वमा निम्नवर्ग/सर्वहारा वर्गमाथि विभेद र दमन गर्ने काम गर्दछ (वैद्य, २०६७, पृ.२००) । राज्यव्यवस्थाको स्वरूपले शक्तिमाथिको वर्चस्वलाई निर्धारण गर्ने हुनाले सामन्तवादी र पुँजी शासन व्यवस्थाभित्र शासक वर्गले उत्पीडक चरित्र निर्वाह गर्छ भने शासित वर्ग सधैँ दमन र शोषणमा जीवन गुजार्न वाध्य भएको हुन्छ ।

राज्यले आफूअनुकुल विधिको निर्माण र परिचालनका लागि आवश्यक वातावरणको तर्जुमा गर्न व्यक्तिदेखि नै एउटा श्रृङ्खला निर्माण गरी त्यसमा समाजका सबै क्षेत्रलाई जोड्दै बलियो आधार बनाउँछ, जसले सत्ताको निरन्तरता तथा स्थायित्वका लागि सधैँ बल पुऱ्याउँछ । राज्यले व्यक्तिगत सम्पत्ति र शासक वर्गको रक्षा गर्छ । राज्यद्वारा बनाइएका कानुन त्यो वर्गको इच्छाअनुसार चल्छ, जुन वर्गका हातमा आर्थिक र राजनीतिक सत्ता हुन्छ (अग्रवाल, सन्. १९६७, पृ.२०३) । राज्यसत्ताका बलमा आर्थिक तथा वैधानिक सत्तामाथि वर्चस्व जमाएर शासक वर्गले आफूलाई सधैँ सुरक्षित गरिरहन्छ । त्यसका लागि राजनीतिक र सामाजिक दुवै समाजका क्षेत्रमा राज्यको उपस्थितिलाई बलियो बनाउने कार्यमा शासक वर्गले ध्यान पुऱ्याउँछ । राजनीतिक समाजमा सेना, पुलिस र प्रशासनका बलले शासक वर्गले शासित वर्गमाथि दमन तथा नियन्त्रण गरेको हुन्छ भने नागरिक समाजमा विचारधाराका माध्यमबाट शासित वर्गमाथि नियन्त्रण गरिएको हुन्छ (शर्मा, २०७२, पृ.४१) । राज्यले एकातर्फ बलको प्रयोगलाई निरन्तरता दिएको हुन्छ भने अर्कातर्फ उक्त बलकै दबाबमा निर्माण गरेको शासकवर्गीय

विचारधारा वा विमर्शात्मक संरचनाको विस्तार गरी शासित वर्गलाई त्यसैमा जोडेर सहमत हुन विवश तुल्याउँछ । "आल्थुसरले दमनकारी र वैचारिक गरी दुई प्रकारको राज्य संयन्त्रको व्याख्या गरेका छन् । दमनकारी राज्य संयन्त्रले राज्य सञ्चालनमा सेना, प्रहरी, दण्डव्यवस्थाद्वारा दमनको कार्य गर्छ भने वैचारिक राज्य संयन्त्रले विचारधाराका माध्यमबाट समाजलाई एकताबद्ध बनाउने र सहमतिद्वारा शासन प्रणाली सञ्चालन गर्ने गर्दछ" (उद्धृत शर्मा, २०७२, पृ.४०) । यसरी शासकवर्गीय विचारधारा नै समाज/राज्यमा स्थापित शक्ति बन्छ, जसलाई शासित वर्गले नजानेर वा नबुझेर आफ्नो विचारधाराकै रूपमा स्वीकार्छ वा स्वीकार्न बाध्य हुन्छ । त्यसकारण शासकवर्गीय वा केन्द्रीय संस्कृतिको विमर्शात्मक संरचना समाजमा क्रियाशील हुँदा उदीयमान वर्गको संस्कृतिले प्रतिरोधका माध्यमबाट आफ्ना अभिव्यक्तिलाई प्रस्तुत गर्ने हुनाले वर्गद्वन्द्वले निरन्तरता पाउँछ ।

सामाजिक वर्गहरू सचेत हुनसक्दासम्म आआफ्नो वर्गको हितमा केन्द्रित विचारधाराबाट निर्देशित हुन्छन् तर वर्गचेतना कमजोर भएका अवस्थामा भने शासकवर्गकै हितमा शासितवर्ग पनि जोडिन पुग्छन् । सामाजिक वर्गका सदस्यमा रहेको वर्गचेतनाले मानिसको व्यवहार निश्चित गर्छ । सशक्त वर्गचेतनाले वर्गका सबै सदस्यलाई एउटै स्थानमा जोडेर उनीहरूमा एकता स्थापित गर्छ । वर्गचेतनामा सामूहिक स्वार्थको पूर्ति हुने हुनाले यसकै आधारमा वर्गका सदस्यहरू समान स्वार्थका लागि सङ्गठित हुन्छन् (तोमर, सन्. १९७३, पृ.२१२) । वर्गचेतनाले नै वर्गविभाजन गर्छ भने समान वर्गका मानिसहरूलाई एक ठाउँमा समान स्वार्थका लागि जोड्ने अनि विपरीतवर्गीय स्वार्थ, चेतना र समुदायबाट अलग गर्ने कार्य पनि गरेको हुन्छ । आफ्नो वर्गको एकत्व मात्र नभई पुँजीवाद विरुद्धको वर्गसङ्घर्षको चेतनाका दृष्टिले आर्थिक, राजनीतिक र विचारधारात्मक रूपमा प्रबल पार्ने सञ्चेतनाका रूपमा वर्गचेतना रहेको छ (भट्टराई, २०७७, पृ.९५) । यसरी वर्गचेतनाकै आधारमा समवर्गीय समुदाय सङ्घर्षमा उत्रिने र आर्थिक, राजनीतिक तथा विचारधारात्मक एकताको सूत्रमा आवद्ध हुने परिस्थितिको समेत निर्माण हुन्छ । वर्गचेतनाकै कारण वर्गहितको बोध हुन्छ । वर्गहितको कारणले समाजमा विभिन्न वर्गहरूका बिच अन्तरविरोधहरू पैदा हुन्छन् । सर्वहारा वर्ग वा शासितवर्गले क्रान्तिकारी वर्गका रूपमा आफ्नो वर्गीय हितखातिर क्रान्तिचेतना बोकेको हुन्छ भने पुँजीपति वर्गले पुँजीवाद वा सत्ताको संरक्षणखातिर आफ्नो वर्गको हित सुरक्षित गरेको हुन्छ ।

शासक वर्गले सधैँ आफ्नो वर्गको सुरक्षा र विस्तारका लागि सत्तालाई प्रयोग गरी शासितहरूमाथि दमन र शोषण गरिरहेको हुन्छ । "राज्यसत्ता भनेको समाजको आर्थिक आधारमा प्रभुत्व जमाएको वर्गले आफ्नो वर्गीय हित रक्षाका निम्ति अर्को विरोधी वर्गलाई दमन तथा नियन्त्रण गर्ने राजनीतिक सङ्गठन एवम् शक्ति हो" (भुसाल, २०५९, पृ.२०७) । यसरी शासक वर्गले राज्यका सबै निकायलाई आफ्नो हितमा प्रयोग गरेर आफ्नो प्रभुत्वको विस्तार गरिरहेको हुन्छ । प्रभुत्व भनेको भौतिक र विचारधारात्मक उपकरणहरूको गठजोड हो जसका माध्यमबाट प्रभुत्वशाली वर्गले आफ्नो शक्ति कायम गरेको हुन्छ (पाण्डेय, २०७३, पृ.१७९) । राज्यले प्रभुत्वको विस्तारका लागि राज्यका संयन्त्र, निकाय र समाजका सबै अङ्गलाई भौतिक र वैचारिक दुवै क्षेत्रबाट आफ्नो हितमा प्रयोग गरेको हुन्छ । प्रभुत्वकै बलमा सत्ता वा शक्तिको केन्द्रमा रहेको अभिजात वर्गले सामाजिक जीवनका कुनै पनि क्षेत्रलाई

आफ्नो नियन्त्रणबाट बाहिर जान दिँदैन । ग्राम्ची शासक वर्गले आफ्ना स्वार्थपूर्तिका लागि दमन शोषण गर्दा सबाल्टर्न वर्गको निर्माण हुन्छ भन्दै उनीहरूमाथि राज्यले सधैँ शक्ति र सहमतिको प्रयोगका माध्यमबाट नियन्त्रण कायम राख्छ भन्ने विचार अघि सार्छन् । प्रभावशाली समूहको नयाँ पार्टीले सहमतीय माध्यमबाट सबाल्टर्नहरूलाई नियन्त्रणमा राख्छ (ग्राम्ची, सन् २०१०, पृ.५२) । ग्राम्चीको यस भनाइमा प्रभुत्वशाली वर्गले दमनका लागि सहमतिको बाटो पनि अवलम्बन गर्छ भन्ने तथ्यलाई स्पष्ट पारेको छ । “ग्राम्चीका विचारमा शोषक वर्गले शोषित वर्गलाई शक्तिको प्रयोग मात्र होइन सांस्कृतिक साधनहरूद्वारा पनि उत्पीडित गर्छ । उसले उत्पीडित वर्गमाथि प्रभुत्व कायम गर्नका लागि वैचारिक, शैक्षिक, धार्मिक, सांस्कृतिक रूपमा नै बढी जोड दिएको हुन्छ” (उद्धृत चैतन्य, २०७०, पृ.१५८-१५९) । प्रभुत्वकै माध्यमबाट शासकवर्गले आफूअनुकुलको विचारधाराको निर्माण गरी त्यसलाई बल र सहमतिका माध्यमबाट विमर्शात्मक संरचनाको स्वरूप दिएर समाजमा लिखित वा अलिखित विधानका रूपमा लागु गर्छ, जसले उक्त वर्गको शक्ति वा सत्तालाई संरक्षण गरेको हुन्छ । यसरी विमर्शात्मक संरचना सम्झौताकै रूपमा ज्ञान तथा कथित सत्य बनेर समाजमा क्रियाशील हुनपुग्छ । “ज्ञान तथा सत्यहरू केही होइनन् शक्तिका विविध रूप हुन । शक्ति भौतिक हो, यसैले ज्ञान भौतिक हो, बुद्धि भौतिक हो । शक्ति भनेको ऊर्जा हो … । शक्ति भनेको इन्धन हो, बल हो, अन्तर्निहित क्षमता हो जसद्वारा व्यक्ति, समाज, संस्था र राज्यहरू चल्दछन् । शक्तिविहीन हुनु भनेको निष्क्रिय हुनु हो” ( उद्धृत गौतम, २०७१, पृ.११४) । यसले ज्ञान र सत्य भनेको पनि निरपेक्ष नभएर सत्ताका सापेक्ष विचारधारा हुन् भन्ने पुष्टि हुन्छ । शक्तिले सत्यको निर्माण गर्छ अनि उक्त सत्यसम्बन्धी ज्ञान नै शक्ति बन्छ । सत्य शक्तिशालीको हैकमबाट निर्मित हुने भएपछि यसलाई अधीनस्थ वर्गको मुक्तिको आधार मान्न सकिँदैन । यसर्थ सबै ज्ञानलाई मुक्तिको आधार मान्न सकिन्न (श्रेष्ठ, २०६८, पृ.३२) । यसरी ज्ञान र सत्य पनि वर्गसँग जोडिन आउँछन् । कुन वर्गको ज्ञान वा कुन वर्गको सत्य भन्ने प्रश्नका आधारमा ज्ञान वा सत्य पनि सापेक्षित बन्छन् । शक्ति नियन्त्रणकारीका रूपमा केवल नकारात्मक मात्र हुँदैन । यसले हामीमाथि ‘नो’ भनेर लाद्ने काम मात्रै पनि गर्दैन । यसले आनन्द प्रदान गर्छ, ज्ञान निर्माण गर्छ, विमर्श उत्पादन गर्छ । त्यसैले शक्तिलाई सिङ्गो विमर्शात्मक संरचनाका माध्यमबाट उत्पादनशील सञ्जालका रूपमा बुझ्नु पर्दछ (पाण्डेय, २०७०, पृ.१८४) । सत्ता, सत्य र ज्ञानको सम्बन्धमा चर्चा गर्दै र त्यसले समाजमा पार्ने प्रभावका विषयमा स्पष्ट पार्दै फुकोले आफ्ना विचारहरू प्रस्तुत गरेका छन् । उनका अनुसार सत्ताले ज्ञानको निर्माण गर्छ अनि शक्तिका आधारमा त्यसलाई सत्य सावित र स्थापित गर्छ । त्यसकारण सत्यलाई पनि सत्तावादी विमर्शकै रूपमा पहिचान गर्न सकिन्छ । फुकोका विचारमा सत्य शक्तिसँग जोडिएर व्यवस्थामा प्रवाहित भएको हुन्छ र शक्तिमै अडिएको हुन्छ अनि शक्तिकै प्रभावमा समावेश भएर शासन व्यवस्थाका रूपमा विस्तारित हुन्छ (फुको, सन् १९८०, पृ.१३३) । सत्ता प्राप्त गर्न शक्ति, सत्ता सञ्चालन गर्न शक्ति, शक्तिको आफूअनुकुल प्रयोग गर्न ज्ञान, शक्तिको विस्तार गर्न ज्ञान र ज्ञानलाई वैधता प्रदान गर्न अनि ज्ञानलाई क्रियान्वयन गराउन शक्ति चाहिने हुनाले सत्ता, ज्ञान, शक्ति र सत्यको सम्बन्ध एकआपसमा जेलिएको हुन्छ । त्यसकारण समाजको सत्तामा रहेको वर्गको ज्ञानले सत्यका रूपमा स्थापित हुने अवसर पाउँदा परिधिमा रहेको वर्ग अधीनस्थ अवस्थामा पुग्छ । यस

प्रकारको अधीनता र अधीनस्थताको कारणबाट सामाजिक शक्तिसम्बन्धमा असन्तुलन पैदा हुँदा शासक वर्गीय प्रभुत्वको विस्तार भएर सामाजिक जीवनका सबै क्षेत्रमा उक्त वर्गकै वर्चस्व स्थापित हुने हुनाले शासितवर्गको जीवन कष्टकर हुन पुग्छ । यस कथाको शासित वर्गको प्रतिनिधि पात्र इरफान अलीको जीवनमा देखिएका प्रमुख समस्याको समाधानका लागि वर्गीय चेतना, वर्गीय सम्बन्ध अनि वर्गविभेद, दमन र शोषणलाई प्रमुख आधार बनाइएको छ ।

## व्याख्या विश्लेषण

कथाकार नारायण ढकालद्वार लिखित 'इरफान अली' कथा *इरफान अली* (२०५१) र *नारायण ढकालका कथा* (२०७२) मा सङ्कलित छ । यस कथामा २०४० साल आसपासको नेपाली समाजको वर्गीय शक्तिसम्बन्धलाई प्रमुख विषय बनाएर लेखिएको छ । "... यी कथाकारले समाजमा सवत्र निम्न वर्गका मानिसले मात्र दुर्नियतिको सिकार हुनु परिरहेको यथार्थलाई अङ्कन गरिरहेका छन्" (श्रेष्ठ, २०७५, पृ. १८८) । यस कथामा इरफान अली, जेलर, मूलचौकिदार, दलसिङ, कैदी शासकहरू, अन्य कैदीहरू आदि पात्र रहेका छन् । यस कथामा "राजनैतिक विषयवस्तुतर्फ केन्द्रित भएर विशेष गरी विगतको पञ्चायत कालको निरङ्कुश व्यवस्था, नेताहरूको अवसरहीन चरित्र, सर्वत्र राजनैतिक दुराग्रह र दुश्चरित्रको चहलपहल, बढ्दो आडम्बर र भ्रष्टाचारको प्रसङ्गहरू उठाएका छन् " (श्रेष्ठ, २०७५, पृ. ६९) । उनीहरूमध्ये इरफान अली र अन्य कैदीहरू शासित वर्गीय चरित्र हुन् भने जेलर, दलसिङ, मूलचौकिदार अनि कैदी शासकहरू शासक वर्गीय चरित्रका रूपमा प्रस्तुत भएका छन् । यस कथाभित्रको शासकवर्गका दलसिङ, मूलचौकिदार अनि कैदी शासकहरू वास्तवमा शासित चरित्र नै हुन् तर वर्गचेतनाका अभावमा ती शासक चरित्रभित्र विलय भएका छन्, जसलाई प्रयोग गरेर शासक वर्गले दमन, शोषण र हत्यासम्मको कार्य गराएको छ ।

### वर्गीय चेतना

इरफान अली कथामा रहेका पात्रहरूमध्ये शासक वर्गीय कित्ताका पात्रमा वर्गीय चेतना स्पष्ट रूपमा देखिन्छ भने शासित वर्गका पात्रमा यो अस्पष्ट र विभाजित अवस्थामा रहेको छ । शासक वर्गले शासित वर्गलाई प्रयोगको वस्तु बनाएर वा हतियारका रूपमा प्रयोग गरेर शासित वर्गमाथि नै दमन गरेको छ । वास्तवमा दलसिङ, मूल चौकीदार र शासक कैदीहरू पनि शासित वर्गकै पात्र हुन् तर उनीहरू वर्गीय चेतनाका अभावमा शासकवर्ग र व्यवस्थाको रक्षाकवज बनेर उभिएका छन् । वर्गीय चेतनाको यस प्रकारको अवस्थालाई कथामा यसरी उल्लेख गरिएको छ :

...'यो अराष्ट्रिय तत्त्व नहुँदो हो त यसलाई किन जेल सरुवा गर्नुपर्थ्यो ?' दलसिङले भन्यो । 'ओहो, यो त निकै डरलाग्दो विषय हो ।' मूल चौकीदार निकै चिन्तित देखियो । उसले आफ्नो पल्टनतिर हेरेर फेरि भन्यो, "अब तिमीहरू नै भन, यदि यो जेल जेल जस्तो भएन भने व्यवस्था कसरी चल्छ ? अनि व्यवस्था भएन भने ?"(पृ.९३)

कथामा प्रस्तुत यस सन्दर्भले शासित वर्गका पात्रमा पनि शासक वर्गको हुँ भन्ने भ्रम सिर्जना भएको देखिन्छ । त्यसकारण उनीहरू आफ्नै वर्गका मानिसलाई शत्रुका रूपमा व्यवहार गर्न उद्धत भएको देखिन्छन् । उनीहरू शासक वर्गले निर्माण गरेका जेल र व्यवस्थाको रक्षाका लागि चिन्तित छन् । जेल र व्यवस्थाको सुरक्षा हुन नसके ठुलै बित्यास निम्तिन सक्छ भन्ने भ्रम र डर दुबैबाट उनीहरू ग्रसित हुन पुगेका छन् । यसरी शासक वर्गीय सत्ता वा व्यवस्थाको पक्षमा निर्मित विमर्शात्मक संरचनाको शक्तिको प्रयोग गरेर शासित वर्गका पात्रलाई वर्गीय चेतनाबाट विचलित गराइएको छ । यहाँ शासित वर्गका सबै पात्र यो वा त्यो कारणबाट पीडित छन् तर वर्गीय चेतनाका अभावमा उनीहरूले पीडाको कारण र पीडकको षड्यन्त्र दुबै बुझ्न सकेका छैनन् । यहाँ अवसरका अभावका कारण शासित वर्गमा वर्गीय चेतनाको उदय हुन नसकेको देखिन्छ । यसले प्रत्यक्ष वा परोक्ष ढङ्गबाट शासक वर्गीय सत्तालाई नै बलियो बनाउने काम गरेको छ । यसमा केही हदसम्म मूल चौकिदारको व्यक्तिगत स्वार्थ पनि जोडिएको देखिन्छ । "मूल चौकीदार आफ्नै स्वास्नी मारेको अभियोगमा बीसवर्षे जेल सजाय काटिरहेको थियो । झन्डै चौध वर्ष काटिसकेकाले ऊ जेल र व्यवस्थाप्रति वफादार थियो । किनकि, राजाको आगामी शुभजन्मोत्सवको आममाफिमा छुट्ने उसको लालसा थियो"(पृ.९०) । यसले मूल चौकिदार एउटा क्रुर हत्याराकै रूपमा परिचित हुन पुगेको छ । जीवनको लामो समय जेलमै बिताएको हुनाले ऊ जेलमै स्थापित र विकसित विमर्शात्मक संरचनाको ज्ञानबाट परिचालित भएको छ । उक्त ज्ञानका कारण ऊ जेल र व्यवस्थाप्रति बफादार देखिन्छ । ऊ राजाको आगामी जन्मोत्सवको अवसरमा छुट्ने आसमा ज्यादै क्रुर बनेको छ । उसकै आदेश र कार्यकशैलीबाट प्रभावित दलसिङलगायत अन्य कैदी शासकहरू पनि ज्यादै क्रुर बनेका छन् । उनीहरूको सत्ताभक्तिले जेल र व्यवस्थालाई संरक्षकत्व प्रदान गरिरहेको छ । यी सबै कार्यले शासक वर्गकै हितमा सहयोग पुऱ्याएको हुनाले शासित वर्गको हितमा कुठाराघात भएको छ ।

शासक वर्गीय तथा केन्द्रीय संस्कृतिको प्रभावमा विलय भएको शासित वर्गको पात्र आफ्नै वर्गको चेतनामा आउन नसक्दा ज्यादै बर्बर र आक्रामक हुन्छ । यस कथामा दलसिङको उक्त अवस्थालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

धेरै समयसम्म प्रश्नको प्यासले छटपटिएको इरफान अलीमाथि एक्कासि दलसिङका लात, घुस्सा र डन्डा वर्षन थाले । उसको अनुहार  क्रमशः रङहीन हुन थाल्यो । यसरी श्याम वर्णको त्यो सज्जन मुसलमानको अनुहारको आकृति पीडा र भयले गर्दा नराम्रोसित खजमजियो । 'मालिक दया करी । हमर कुछो भूल नैखे ।' उसले भन्यो (पृ.९१)।

कथामा प्रस्तुत गरिएको यस सन्दर्भमा इरफान अलीमाथि गरिएको अमानवीय व्यवहारलाई देखाइएको छ । उसलाई अज्ञानतावश गरिएको कार्यलाई आधार बनाएर अनि कुनै प्रकारको स्पष्टीकरणको अवसर नै नदिई यातना दिइएको छ । उसले नबुझ्ने भाषामा प्रश्न सोध्ने तथा उसले दिएका उत्तरलाई गलत मानी दोषी ठहर गर्ने कार्य गरिएको छ । ऊ सज्जन छ तर त्यसको कुनै अर्थ छैन । उसले दयाको भिख मागेको भए पनि त्यसले कुनै प्रकारको स्थान पाउन सकेको छैन । यसरी

शासक वर्गीय चेतनाको ज्ञानका कारण दलसिङ आफ्नै वर्गप्रति यति धेरै आक्रामक भएको छ । विनाकारण पनि सवर्गीय पात्रमाथि यति धेरै क्रुरतापूर्वक प्रहार गर्नुले उसमा शत्रु वर्गको चेतना पूर्ण रूपमा भरिएको देखिन्छ । वास्तवमा वर्गीय चेतना शत्रुतापूर्ण नै हुन्छ तर त्यस चेतनाको प्रभावमा को र कसरी उभिएको छ भन्ने कुराले विशेष अर्थ राख्छ । यसरी शासित वर्गमा वर्गीय चेतना विभाजित हुँदा वा शासित वर्ग नै शासक वर्गको चेतनाबाट परिचालित हुँदा एउटै वर्गभित्र पनि शत्रुताको भाव सिर्जना हुन्छ र त्यसले शासक वर्गकै हितमा सहयोग पुऱ्याउँछ ।

यस कथाको मुख्य पात्र इरफान अलीमा पनि कुनै वर्गीय चेतनाको उदय भएको पाइँदैन । उसले वर्गसचेत रूपमा कुनै कार्य गरेको छैन । केवल माफी माग्ने र आफू सही भएको एकोहोरो दुहाइ दिनेभन्दा अन्य कार्यमा उसको भूमिका देखिँदैन । यसरी यस कथाका शासित वर्गका पात्रहरू वर्गीय चेतनाका अभावमा पीडक र पीडित बनेका छन् भने शासक वर्गले आफ्ना हितमा सबैलाई प्रयोग गरेको छ । यसले समग्रतामा वर्गीय शक्तिसम्बन्धमा असन्तुलन पैदा गरेर सामाजिक न्यायमा केवल शासक वर्गको वर्चस्व कायम गरी समस्या सिर्जना गरेको छ । त्यसकारण वर्गीय शक्तिसम्बन्धमा असन्तुलन आएका कारण यस कथाको निम्नवर्गीय पात्र इरफान अलीको जीवन

**वर्गीय सम्बन्ध**

इरफान अली कथाका भिन्न वर्गका पात्रहरू अज्ञानता र स्वार्थका कारण विपरीत ध्रुवमा विभाजित भएका छन् । त्यसकारण यस कथाको वर्गीय सम्बन्ध शत्रुतापूर्ण बनेको छ । वर्गीय सम्बन्धको उक्त अवस्थालाई कथामा यसरी प्रस्तुत गरिएको छ : "चोरीको अभियोगमा थुना परेको इरफान अलीलाई आठ नम्बर चौकीमा लगियो भन्ने खबर सुकेको खर डढेझैँ सम्पूर्ण जेलभरि एक्कासी फैलियो । 'त्यसो हो भने आज पनि अनिष्ठ हुँदैछ ।' जेलभित्रको चौबाटामा बसेको बूढो कैदीले भन्यो"(पृ.८९) । वास्तवमा इरफान अली चोरीको अभियोगमा जेल परेको र जेल सार्ने क्रममा एक दिनअघि मात्र उक्त स्थानमा पुऱ्याइएको थियो । उसलाई त्यस जेलमा बनाइएका कुनै पनि नियमको जानकारी थिएन वा जानकारी गराइएको थिएन । उसलाई विनाकारण आठ नम्बरको चौकीमा लगिएको छ । उक्त चौकीमा लगेको खबर ज्यादै तीव्र गतिमा फैलिनु अनि अनिष्ठ हुनसक्ने विचार बुढो कैदीले राख्नुले पनि शासक र शासित वर्गका बिचको शत्रुतापूर्ण सम्बन्धलाई अभिव्यक्त गरेको छ । इरफान अलीले कुनै जघन्य अपराध गरेको थिएन । उसले केवल चुलो बनाउनका लागि माटो खनेको थियो । "इरफान अलीले फूलबारीको छेउबाट आल्मुनियमको थोत्रो डेक्चीमा माटो उठायो र आफ्नो कोठातिर लाग्यो । चुलो बनाउने सोच थियो उसको"(पृ.८९) । यो नै उसको जघन्य अपराध बन्यो, जुन उसलाई थाहै दिइएन । शासित वर्गले नगरेको अपराध पनि सावित गराउने शासक वर्गीय व्यवहारलाई कथामा प्रस्तुत गरिएको यस सन्दर्भका माध्यमबाट कथाकारले पुष्टि गरेका छन् ।

उच्च वर्गीय सत्ता सधैँ विभेदकारी हुन्छ र त्यसले शासित चरित्रमाथि मौका खोजेर आक्रमण गर्छ । यस सम्बन्धमा दलसिङले गरेको व्यवहारलाई कथामा यसरी उल्लेख गरिएको छ : "इरफान अली भऱ्याङको तीन खुड्किला मात्र उक्लेको थियो, कोठा नाइके दलसिङले पछाडिबाट कठालो समात्यो ।

दलसिङको श्वास-प्रश्वास निकै गतिमान थियो । यसबाट बुझिन्थ्यो, उसले टाढाबाट इरफान अलीको यो काम देखिरहेको थियो र तेज रफ्तारमा कुदेर उसको कठालो समात्न आइपुगेको थियो"(पृ.८९) । भऱ्याङको खुड्किलामा त्यो पनि पछाडिबाट आक्रमण गर्नु, थाहा हुँदाहुँदै पनि जानकारी नदिनु अनि मौकाको खोजीमा बसेर फसाउनु र रिसले श्वासप्रश्वासमा तीव्रता आउनु आदि वर्गीय शत्रुताका उदाहरणहरू हुन् । यही शत्रुताका कारण दलसिङ्ले इरफान अलीप्रति ज्यादै अमानवीय व्यवहार गरेको छ । उसले कहिल्यै पनि नदेखेको र नजानेको इरफान अलीलाई विपरीत वर्गको भएकै कारण दमनकारी व्यवहार गर्दै गलहत्याउने कार्य गरेको छ । "'साला मुसल्टे चौकीमा हिँड् ।' दलसिङले घचेट्दै आदेश दियो । इरफान अली एकछिन हक्क न बक्क भयो । उसले दलसिङको कुरा बुझेन । 'अझै कुरा बुझिनस् साला ! चौकीमा हिँड्'"(पृ.८९-९०) । ज्यादै अपमानजनक वा तल्लोस्तरको भाषाको प्रयोग गर्नु, हातपात गर्नु, नबुझेको कुरालाई वास्ता नगर्नु, बुझाउनेतिर कुनै ध्यान नदिनु, जबरजस्ती चौकीमा लैजानु आदि दलसिङका शत्रुतापूर्ण व्यवहारहरू हुन् । यस्तै शत्रुतापूर्ण सोच तथा व्यवहार शासकवर्गका अन्य सबै पात्रहरूमा पनि पाइन्छ ।

**विभेद, दमन र शोषण**

यस कथाको मुख्य पात्र इरफान अलीलाई विनाकारण वर्गीय विभेद, दमन र शोषणमा पारिएको छ । उसलाई चोरीको आरोपमा जेल हालिएको छ तर प्रमाणित भएको छैन । उसले चुलो बनाउन माटो खन्दा धरपकड गरी आठ नम्बरको चौकीमा पुऱ्याइएको छ । "आठ नम्बर चौकी कुनै पनि कैदीका निम्ति आतङ्कको नाम थियो । यो नम्बरमा कुनै कैदीलाई लानु भनेको दुर्भाग्यपूर्ण घटनाको थालनी मानिन्थ्यो । यहाँबाट कुनै कैदी कहिल्यै सग्लो रूपमा फर्किन पाउँदैनथे"(पृ.९०) । यहाँ उसलाई ज्यादै अपमानजनक शब्दको प्रयोग गर्ने, भयाक्रान्त अवस्थामा पुऱ्याउने र असह्य यातना दिने काम भएको छ । त्यस क्रममा पानी खन्याउने, मुखमा हिर्काउने, रगताम्य बनाउने, असह्य पीडा दिने र अल्लाहसँग रक्षाका लागि अनुरोध गर्न बाध्य बनाउने कार्य गरिएको छ । "सबैभन्दा पहिले इरफान अलीमाथि एक घैँटो पानी खन्याइयो । त्यसपछि उसको चिसो कपाल भुत्ल्याउँदै मुखैमुखमा प्रहार गरियो । मुखबाट रगतको तातो झोल बग्न थाल्यो अनि यातनाको असह्य पीडाले बटारिँदै उसले प्रार्थना गऱ्यो "हे अल्लाह, हमर कुछो भूल नैखे, दया करी "(पृ.९२) । यसरी शासक वर्गले राज्यको शक्ति हातमा लिएर मनोमानी ढङ्गले शासित वर्गमाथि दमन गरेको छ ।

इरफान अलीलाई एक चरणको यातना दिइसकेपछि पनि नपुगेर उसलाई अरू थप सजाय पनि दिइएको छ । त्यस क्रममा दिइएको अमानवीय सजायलाई कथामा यसरी उल्लेख गरिएको छ : "सामान्य शिक्षादीक्षाले नपुग्ने कैदीलाई यो परिच्छेदमा गहकिलो व्यवहार गरिन्थ्यो । नङमा पिन घुसार्ने, पैतालामा तातो फलामको रडले पोल्ने र उँधो मुन्टो पारेर झुन्ड्याउने आदि कर्महरू यो प्रकरणमा पर्थे" (पृ.९४)। कथामा प्रस्तुत यस सन्दर्भले निर्दोष इरफान अलीलाई दोषी सावित गर्नका लागि यस प्रकारको अमानवीय यातना दिएको देखिन्छ । त्यसकारण यस कथामा सत्य सत्तावादी विमर्श बनेर उभिएको स्पष्ट हुन्छ । यहाँ शासित वर्गले या त असत्यलाई सत्य स्वीकार गर्नुपर्ने या त सजायका थप

चरणहरू भोग्दै जानुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको छ। इरफान अलीको बोली नै बन्द भएपछि पनि उसले नबोलेको आरोपमा पाएको सजायलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

दोस्रो परिच्छेदको आरम्भ भएको एकैछिनमा इरफान अलीको मुखबाट मानिसको कान र हृदयले सुन्नै नसक्ने चीत्कार निस्किन थाल्यो। यस पटक आठ नम्बर चौकीमा उत्पन्न भएको चीत्कार त्यसका भित्ता र प्वालहरू नाघेर जेलका अरू कोठासम्म पनि पुग्यो। त्यसपछि ऊ अनन्त अनन्तसम्मका निम्ति बेहोश भयो।(पृ.९४)

कथामा प्रस्तुत गरिएको यस सन्दर्भका माध्यमबाट शासक वर्गले गरेको दमनको पराकाष्ठालाई स्पष्ट पारिएको छ। सत्ताले दिएको चरम यातना सहन नसकेपछि इरफान अलीले प्राण त्यागेको छ। यसले शासकीय चरित्रभित्र रहेको मानवताविहीन व्यवहारलाई छताछुल्ल बनाएको छ। यसरी आफू निर्दोष हुँदाहुँदै पनि इरफान अली शासित वर्गको भएकै कारण प्राण गुमाउन विवश बनेको छ। यसरी एउटा निर्दोष मानिसको हत्या गरेपछि पनि यस कथाको शासक वर्गले उक्त हत्यालाई सामान्य दुर्घटनाका रूपमा प्रमाणित गरेको छ। "त्यसपछि जेलको धर्म-परम्पराअनुसार उसको देहलाई जेलबाट बाहिर रहेको अस्पतालतिर लगियो। यो त्यो अस्पताल थियो, जसले मानिसको हत्यालाई सहज दुर्घटना भनेर प्रमाणपत्र लेख्ने गर्थ्यो। त्यो घटनामा पनि त्यस्तै गरियो" (पृ.९६)। यसरी यस कथाको सत्ताले आफूअनुकुलको विमर्शात्मक संरचनाको निर्माण मात्र नगरी राज्यका संस्थाहरूलाई पनि सत्ताको रक्षाका लागि उपयोग गरेको छ। यहाँ पनि सत्य केवल सत्तावादी विमर्शकै रूपमा स्थापित भएको छ। यसले वर्गीय शक्तिसम्बन्धमा असन्तुलन ल्याउँदा शासित वर्ग आफ्नो जीवन गुमाउन बाध्य भएको छ।

## निष्कर्ष

कथाकार रमेश विकलद्वारा लेखिएको 'इरफान अली' कथामा २०४० साल आसपासको नेपाली समाजको वर्गीय शक्तिसम्बन्धलाई मूल विषय बनाइएको छ। यस कथामा अज्ञानतावश जेलर, दलसिङ, मुख्य नाइके, कैदी शासक आदि पात्रले शासक वर्गको केन्द्रीय संस्कृतिको प्रतिनिधित्व गरेका छन् भने इरफान अली र अन्य कैदीहरूले शासित वर्गको प्रतिनिधित्व गरेका छन्। पञ्चायती शासन कालको दमनकारी अवस्थालाई समयसापेक्ष ढङ्गले प्रस्तुत गर्नका लागि उपयोग गरिएको विषयवस्तु, पात्र र परिवेश आदि कथातत्त्वको संयोजन कलात्मक र यथार्थपरक रहेको छ। कथाको यस उद्देश्य प्राप्त गर्नका लागि शासित वर्गको प्रमुख पात्र इरफान अलीलाई प्रारम्भबाटै विनाकारण जेलको सजाय दिएर, जेल सारेर, विनाकारण यातना दिएर पञ्चायती निरङ्कुशताको स्वरूप झल्काइएको छ।

यस कथाका सबै पात्र तथा घटनालाई पञ्चायती सामन्तवादी विमर्शात्मक संरचनामा स्थापित ज्ञानको शक्तिद्वारा परिचालित गरी विषयवस्तु तथा उद्देश्यसँग तादाम्यता कायम गरिएको छ। शासित वर्गको प्रतिनिधित्व गर्ने प्रमुख पात्र इरफान अलीलाई दमन तथा शोषण गर्नका लागि शासित वर्गकै दलसिङ, चौकिदार, जेलर आदिको प्रयोग गरिएको छ। यसरी शासित वर्गको वर्गीय चेतनालाई माथि आउनै नदिएर वा विभाजित गरेर शासक वर्गको हितको संरक्षण गरिएको छ। त्यसका लागि शासित

वर्गको इरफान अलीलाई जेल हाल्ने, जेल सार्ने, आरोप लगाउने, ज्ञानका क्षेत्रबाट विमुख गराउने, अमानवीय यातना दिने, सत्यलाई असत्य र असत्यलाई सत्य सावित गर्ने र हत्या गरेर सहज दुर्घटनामा परिणत गरी प्रमाणित गर्नेसम्मका शृङ्खलाहरू निर्माण गरिएका छन् । यस क्रममा शासित वर्गको वर्गीय चेतना कमजोर तथा विभाजित भएका कारणले शासक वर्गको हित सुरक्षित बनेको छ । त्यसका लागि शत्रुतापूर्ण वर्गीय सम्बन्धको निर्माण गरी शासित वर्गमा सत्तावादी ज्ञानको विस्तार गरेर उनीहरूलाई सवर्गीकै दमन तथा शोषण गर्ने हतियारका रूपमा प्रयोग गरिएको छ ।

समग्रमा यस कथामा अधीनस्थ वर्गका पात्रलाई सधैँ अधीनस्थ नै राखिरहनका लागि सिलसिलाबद्ध ढङ्गबाट आद्योपान्त प्रहार गर्ने कार्यमा शासक वर्गले सफलता हासिल गरेको छ । पञ्चायती स्थापित विमर्शात्मक संरचनाका बलमा उदीयमान तथा शासित वर्गको हक अधिकार समाप्त पारी धरपकड, यातना र हत्यासम्मका योजनालाई शासक वर्गले सफलतापूर्वक कार्यान्वयन गरेको छ । यी सबै कारणहरूले वर्गीय शक्तिसम्बन्ध असन्तुलित बन्न पुग्दा निर्दोष शासित वर्गले अनाहकमा ज्यान गुमाउनु परेको यथार्थ मार्मिक र पीडादायक बन्न पुगेको छ । त्यसकारण असन्तुलित शक्तिसम्बन्ध सामाजिक उत्थानको बाधक हुन्छ भन्ने निष्कर्ष यस अध्ययनबाट प्राप्त भएको छ । त्यसकारण नेपाली समाजमा विद्यमान असन्तुलित ढाँचाको वर्गीय शक्तिसम्बन्ध सामाजिक विकासको बाधक हुने भएकाले सन्तुलित ढाँचाको वर्गीय शक्तिसम्बन्धका लागि वर्गीय चेतनाको विस्तार, वर्गीय सम्बन्धमा मित्रता अनि विभेद, दमन र शोषणको अन्त्य हुनुपर्ने अपरिहार्यतालाई दृष्टिगत गरिएको छ ।

## कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय डिनको कार्यालय, कीर्तिपुरले सञ्चालन गरेको २०७४ माघे सत्रमा दर्ता भएको मेरो विद्यावारिधि (पिएच.डीं) तहको नेपाली विषयअन्तर्गत *यथार्थवादी नेपाली कथामा शक्तिसम्बन्ध* शीर्षकको अनुसन्धानका लागि विश्वविद्यालय अनुदान आयोगद्वारा मलाई विद्वत्वृत्ति प्रदान गरी अध्ययन अनुसन्धानमा आर्थिक सहयोग प्रदान गरेकोमा सोहीअनरूप अनुसन्धानकार्यको अन्तिम मौखिक परीक्षा तथा शोधकार्यसमेत सम्पन्न गरी शोधप्रबन्धसमेत पेस गरिसकिएको छ । प्रस्तुत लेख मेरो विद्यारिधि तहको शोधप्रबन्धसँग सम्बन्धित रहेको छ । विद्यावारिधि तहको अनुसन्धान कार्यमा विद्वत्वृत्ति प्रदान गरी विश्वविद्यालय अनुदान आयोगले मेरो बौद्धिक उन्नयनमा पुऱ्याएको सहयोगका लागि म विश्वविद्यालय अनुदान आयोगप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

## सन्दर्भसामग्री

अग्रवाल, नवीन नारायण (सन्. १९६७). *राजनीतिक विज्ञान के मूल सिद्धान्त.* दिल्ली : हिन्दी माध्यम मण्डल, दिल्ली विश्वविद्यालय ।

कोइराला, नरेन्द्रप्रसाद (२०८१). *यथार्थवादी नेपाली कथामा शक्तिसम्बन्ध.* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

गौतम, कृष्ण (२०७१). *उत्तरसिद्धान्त,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

चैतन्य (२०७०). समकालीन बुर्जुवा दर्शन र सांस्कृतिक अध्ययन. *भृकुटी, १९,* पृ. १४३–१६५ ।

ढकाल, नारायण (२०७२). *नारायण ढकालका कथा.* काठमाडौँ : फिनिक्स बुक्स ।

तोमर, राम विहारी सिंह (सन्. १९७३). *सामाजिक विघटन.* अजमेर : दत्त बन्धु प्रा.लि ।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* काठमाडौँ : साझा प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७७), सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

भुसाल, वेदुराम (२०५९), *दर्शनशास्त्र परिचय,* काठमाडौँ : बुधबार साप्ताहिक ।

लेनिन (सन्. १९८५), *सङ्कलित रचनाएँ भाग ५,* मस्को : रादुगा प्रकाशन ।

वैद्य, मोहन, किरण (२०६७), *मार्क्सवादी दर्शन,* काठमाडौँ : प्रगतिशील अध्ययन केन्द्र ।

शर्मा, बालकृष्ण (२०७२), *पारिजातका कथाको सांस्कृतिक अध्ययन,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, काठमाडौँ ।

श्रेष्ठ, तारालाल (२०६८), *शक्ति, स्रष्टा सबाल्टर्न,* काठमाडौँ : डिस्कोर्स पब्लिकेसन ।

श्रेष्ठ, दयाराम (२०७५) , प्रज्ञा आधुनिक नेपाली कथाकोश : काठमाण्डौँ, नेपाल प्रज्ञा-प्रतिष्ठान ।

Foucault, M. (1980). *Power/ knowledge.* New York: Pantheon Books.

Gramsci, A. (2010). *Selection from the prison notebooks*. New Delhi: Orient Blackswan Private Limited.